अनुसुची – २

( दफा ४ तथा अनुसुची – १ को भाग – १सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

## दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्ड ३ संख्या २ मिति २०७७।२।०२

**भाग – १**

**दुर्गाथली गाउँपालिका**

गाउँ सभाबाट स्वीकृत मिति : २०७७।११।०५

दुर्गाथली गाउँपालिका

# दुर्गाथली गाउँपालिकाको शिक्षा ऐन २०७७

**प्रस्तावना** :- राष्ट्रको सर्वाङ्गीण एवं युगान्तकारी विकासको लागि विश्व बजारमा समयानुकूल प्रतिस्पर्धी जनशक्ति तयार गरी प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार र मानवीय मूल्य र मान्यता प्रवर्द्धनका लागि आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित जनशक्ति तयार गर्नका निमित्त यस स्थानीय तहमा स्थापना हुने तथा स्थापना भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी चुस्त दुरुस्त गुणस्तरीय शिक्षा विकास गर्न वाञ्छनीय भएकोले "नेपालको संविधान"को धारा ५७(४), धारा २१४(४), धारा २२६(१)को अनुसूची ८ को बुदा नं ८ तथा "स्थानीय सरकार संचालन ऐन" २०७४ को दफा १०२(१) बमोजिम दुर्गाथली गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

(क) यस ऐनको नाम "दुर्गाथली गाउँपालिकाको शिक्षा ऐन २०७७" रहेको छ ।

(ख) यो ऐन दुर्गाथली गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्फनु पर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्फनुपर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्फनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले दुर्गाथली गाउँपालिका सम्फनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले दुर्गाथली गाउँपालिकाको गाउँ सभालाई सम्फनुपर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्फनु पर्छ ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्फनु पर्छ ।

(ज) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्फनु पर्छ ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र दुर्गाथली गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाबाट दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) "तालिम केन्द्र," भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(ध) "पुस्तकालय" भन्नाले नेपाल सरकारबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(न) "शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(प) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(फ) "संघीय शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्दछ ।

(ब) "शिक्षा नियमावली" भन्नाले दुर्गाथली गाउँकार्यपालिकाले बनाएको नियमावली सम्झनु पर्दछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

प्रयाग राज जोशी
अध्यक्ष

(भ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(म) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(य) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको शिक्षक सम्झनु पर्दछ

(र) "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

(ल) "अभिभावक" भन्नाले विद्यालयमा अध्यनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्यनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनाइएको व्यक्तिलाई बुझाउँछ तर विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै लाई मात्र अभिभावक मानिनेछ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने:-**

(१) दुर्गाथली गाउँपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई शिक्षा शाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा अधिकृतले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा शिक्षा अधिकृतले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा शिक्षा अधिकृतले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा शाखामा निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

प्रयाग राज जोशी
अध्यक्ष

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि गाउँपालिकाले अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ ।

(११) विद्यालय सञ्चालन तोकिए बमोजम हुनेछ ।

**४ परीक्षा सञ्चालन र समन्वयः-**

गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न देहाय बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(क) शिक्षा समितिको अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) सामाजिक विकास समिति संयोजक – सदस्य

(घ) सामुदायिक विद्यालयका प्र.अ मध्ये १ जना – सदस्य

(ङ) संस्थागत विद्यालयका प्र.अ. मध्ये १ जना – सदस्य

(च) प्रमुख, इलाका प्रहरी कार्यालय – सदस्य

(छ) शिक्षा अधिकृत – सदस्य सचिव

**५. माध्यमिक शिक्षाको प्रकार :-**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यम :-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूपं सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही प्रदेश र स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ ।

**९. गाउँ शिक्षा समिति:**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७७

(क) गाउँपालिकाको प्रमुख - -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - -सदस्य

(ग) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - -सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँसभाका सदस्यहरूमध्येबाट कम्तिमा एकजना महिला पर्ने गरी दुई जना -सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(च) समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना दलित र दुई जना महिला सहित तीन जना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयबाट एक/एक जना पर्ने गरी दुई जना -सदस्य

(ज) गाउँ स्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधि - -सदस्य

(झ) शिक्षा अधिकृत - -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुनेछ ।

(३) गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुका प्रधानाध्यापकहरुलाई दफा १ बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

**(१०). गाउँ शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने, विद्यालय सार्ने, गाभ्ने कार्यका लागि गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरूको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

प्रकाश राज जोशी
अध्यक्ष

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरू स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग बनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(झ) अभिभावक र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ट) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने, गराउने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

(त) अस्थायी शिक्षकहरूको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(थ) गाउँपालिकाभित्र स्थापना भएका पुस्तकालय तथा वाचनालयको संरक्षण संवर्धन तथा थप स्थापना हुने पुस्तकालय तथा वाचनालयको अनुमति प्रदान गर्ने,

(द) गाउँपालिका क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण, नियमन गर्ने ।

(ध) अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(न) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

**११. गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकारः-**

गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. प्रमुख प्रशासकिय अधिकृतको काम, कर्तव्य र अधिकारः-**

प्रमुख प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।**

**१४. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने**

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**१५. अध्यापन अनुमति पत्र लिनुपर्ने:-**

शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कुनै पनि व्यक्ति शिक्षक पदको उम्मेदवार हुन पाउने छैन।

**१६. अनुदानको व्यवस्था:-**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

**१७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :-**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**१८. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने:-**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ।

**१९. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था:-**

प्रारम्भिक बालशिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। समुदायमा आधारित बालविकास केन्द्रको समिति गठन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**२०.. विद्यालय व्यवस्थापन समिति:-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

(क) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्म वा अध्यक्षको अनुपस्थितीमा उपदफा १ को खण्ड (ख) बमोजिमको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समितिले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिको परामर्श लिई शिक्षा अधिकृतले मनोनित गरेको एक जना -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला समेत पर्ने गरि विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(९) उपदफा (१), (४) र (८) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

प्रयाग राज जोशी
अध्यक्ष

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:- सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(ज) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ञ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ट) तोकिए बमोजिम दरबन्दीका शिक्षकलाई विभागीय कारवाही गर्ने,

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रकर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार, गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

प्रमान राज जोशी
अध्यक्ष

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा पेश भएमा गाउँ शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । गाउँ शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा गाउँ शिक्षा समितिले गाउँकार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । गाउँकार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समितिको म्याद सकिएपछि वा विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा नभएमा विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले बढीमा ६ महिनाको लागि देहाय बमोजिमको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । अभिभावक भेला बोलाउदा वडा अध्यक्षको अध्यक्षतामा बोलाउनु पर्नेछ ।

(क) वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले अभिभावक मध्ये तोकेको एक व्यक्ति - अध्यक्ष

(ख) वडा अध्यक्षले तोकेको वडा सदस्य मध्ये एक जना - सदस्य

(ग) जग्गादाता, शिक्षा प्रेमी, बुद्धजीवि, समाजसेवी मध्ये वडा शिक्षा समितिले तोकेको एक जना - सदस्य

(घ) शिक्षक प्रतिनिधि एक जना - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

(३) यो ऐन जारी भए पछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरूले बढिमा तीन महिनाभित्र यस ऐन वमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकारीले एक महिनासम्मको समयावधी थप गर्न सक्नेछ । यो ऐन लागु हुदाका वखत प्रचलित नियम अनुसार गठन भएको समितिले आफ्नो कार्यकाल अवधि रहँदासम्म काम गर्नेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

प्रकाश राज जोशी
अध्यक्ष

**२२. वडा शिक्षा समिति:-**

(१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) गाउँपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष - अध्यक्ष

(ख) शिक्षा प्रेमी, बुद्धिजिवी, समाजसेवीबाट एक जना महिला पर्ने गरी दुई जना - सदस्य

(ग) वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य - सदस्य

(घ) विद्यालयका प्रधानाध्यापक मध्ये एक जना महिला पर्ने गरि दुई जना - सदस्य

(ङ) सम्वन्धित वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**२३. शिक्षक तथा कर्मचारी छनौट समिति:–**

सामुदायिक विद्यालयमा प्रधानाध्यापक, करार शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ । उपदफा बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिको अन्य काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२४. गाउँपालिका शिक्षा विकास कोष:-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँस्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२५. कोष सञ्चालक समिति:-**

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बजाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७५

प्रयाग राज जोशी
अध्यक्ष

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२६. विद्यालय कोष:**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ:-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२७. गाउँपालिकाले निर्देशन दिन सक्ने:-**

(१) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२८. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:-**

गाउँपालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको हिडाईको दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ साथै यसका लागि विद्यार्थी संख्यालाई पनि आधार मानिनेछ ।

**२९. विद्यालयको सम्पत्ति:-**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्न सक्नेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

अध्यक्ष

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइनेछैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(५) नेपाल सरकारको वा गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/गाउँपालिकाको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन।

**३०. विद्यालयलाई छुट र सुविधा:-**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले / गाउँपालिकाले तोकिएको आधारंमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

**३१. अनुमति वा स्वीकृति रद्द गर्ने :-**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३२. विद्यालयको वर्गीकरण:-**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**३३. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने:-**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

प्रयाग राज जोशी
अध्यक्ष

**३४. शुल्कसम्बन्धी व्यवस्थाः-**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ

(७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चिस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३५. शिक्षकको पेशागत महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिका क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

प्रयाग राज जोशी
अध्यक्ष

(छ) शिक्षक वा कर्मचारीहरूले व्यावसायिक हक हितका नाममा छद्म रूपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत् पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

स्पष्टिकरण: यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनुपर्छ

**३६. स्थायी आवासीय अनुमति लिन नहुने:-**

सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३७. शैक्षिक योग्यता:-**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३८. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :-**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३९. शिक्षकलाई अन्य काममा लगाउन नहुने:-**

(१) सामुदायिकं विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४०. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने :**

(१) दफा ३६ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन:बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४१. शिक्षकको नियुक्ति र सरूवा:-**

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

प्रयाग राज जोशी
अध्यक्ष

(१) विद्यालयमा रिक्त शिक्षक दरबन्दी, करार शिक्षक, राहत अनुदान शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ताको अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ । शिक्षक छनौट समितिमा विषय विशेषज्ञ सूचीकृत विज्ञबाट गाउँ शिक्षा समितिले तोक्नेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(२) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरूवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाइ रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ ।

(३) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिकाले अर्को स्थानीय तहमा सरूवाको लागि सहमति दिन सक्नेछ ।

**४२. दरवन्दी मिलानः-** तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन् ।

**४३. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशत नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, शिक्षा अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४४. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः-**

नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुनेछैन ।

**४५. प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

दुंगेथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रयाग राज जोशी
अध्यक्ष

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:-**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(३) सबै विद्यालयहरुले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारी र विद्यार्थीहरुको आचार संहिता बनाइ लागू गर्नु पर्नेछ ।

**४७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:-**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. प्रगति विवरण बुझाउनु पर्ने :-**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**४९. दण्ड सजाय:-**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोके बमोजिम सजाय हुनेछ:-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रयाग राज जोशी
अध्यक्ष

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा,

(३) कानून बमोजिमको कसरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**५०. पुनरावेदन:-**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**५१. नियम बनाउने अधिकार:-**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**५२. संक्रमणकालीन व्यवस्था:-**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

**५३. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५४. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बजाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

प्रयाग राज जोशी
अध्यक्ष

(३) संविधान र संघीय शिक्षा ऐनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वत: निस्कृय हुनेछ

(४) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

**प्रमाणकिरण मिति : २०७७।१२।०२**

बुंगलधिली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नाम : केशवराज जोशी

प्रमुख प्रशासकीय अधिकृत